२०७९ सालको मापदण्ड नं. १

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १ मितिः२०७९।०४।१६

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड, २०७९

**<u>प्रस्तावना</u>**

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक माध्यमिक विद्यालय, संस्थागत विद्यालय र सामुदायिक क्याम्पसमा अध्ययनरत महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत, आर्थिक रुपले विपन्न, जेहेन्दार र लोपोन्मुख जातिका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी विद्यालय शिक्षा र उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड तयार गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धार २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र हेटौंडा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड,२०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "छात्रवृत्ति" भन्नाले हेटौंडा उपमहानगरपालिकाले यस मापदण्ड बमोजिम प्रदान गर्ने छात्रवृत्तिलाई सम्झनुपर्छ ।

(ख) "विद्यालय" भन्नाले हेटौंडा उपमहानगरपालिका अन्तर्गतका प्रचलित कानून बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयको रुपमा प्रारम्भिक वाल शिक्षादेखि कक्षा बाह्रसम्मको अनुमति प्राप्त गरेका विद्यालयलाई सम्झनुपर्छ ।

(ग) "सामुदायिक क्याम्पस" भन्नाले नेपाल सरकारको मान्यता प्राप्त गरी गैर नाफामूलक रुपमा स्नातकोत्तर तहसम्मको अध्यापन गराउने क्याम्पस सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(च) "शिक्षा समिति" भन्नाले हेटौंडा उपमहानगरपालिकाको शिक्षा समितिलाई सम्झनुपर्छ ।

(छ) "महाशाखा" भन्नाले हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखालाई सम्झनुपर्छ ।

३. **मापदण्डको उद्देश्यः** यस मापदण्डको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु,

(ख) लक्षित वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु,

(ग) छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरुको भूमिका स्पष्ट पार्नु,

## परिच्छेद-२
## छात्रवृत्तिको शर्त, छात्रवृत्तिको कार्यान्वयन, छनोट प्रक्रिया तथा संलग्न गर्नुपर्ने कागजातहरु

४. **छात्रवृत्तिका शर्तहरुः** (१) यस मापदण्ड बमोजिमको छात्रवृत्तिका लागि आवेदन दिने छात्राछात्रले देहाय बमोजिमको शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

(क) नेपाली नागरिक हुनु पर्ने,

(ख) हेटौंडा उपमहानगरपालिकाभित्रको सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत हुनुपर्ने,

(ग) हेटौंडा उपमहानगरपालिकाभित्रको सामुदायिक तथा संस्थागत विद्यालयबाट एसईई उत्तीर्ण गरेको हुनु पर्ने,

(घ) स्नातक तहको छात्रवृत्तिको लागि हेटौंडा उपमहानगरपालिकाभित्रको सामुदायिक तथा संस्थागत विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरेको हुनु पर्ने,

(ङ) स्नातकोत्तर तहको छात्रवृत्तिको लागि हेटौंडा उपमहानगरपालिकाभित्रको सामुदायिक क्याम्पसबाट स्नातक तह उत्तीर्ण गरेको हुनु पर्ने,

(च) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय/शिक्षालयमा अध्ययनरत छात्राछात्रलाई प्रदान गरिने छात्रवृत्तिको हकमा तल्लो क्षामा भर्ना भई अन्तिम परीक्षामा सामेल भएको हुनु पर्ने ।

५. **<u>छात्रवृत्तिको कार्यान्वयन तथा छनोट प्रक्रियाः</u>** (१) उपमहानगरपालिकाले छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी सूचना प्रकाशन गर्नेछ । यसरी सूचना प्रकाशन गर्दा कार्यालयको वेवसाइट र अन्य विभिन्न माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

६. **<u>छात्रवृत्तिको आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः</u>** (१) दफा ४ बमोजिम को शर्त पूरा गरेका छात्राछात्रहरुले छात्रवृत्ति प्राप्त गर्न पेश गर्ने निवेदनसाथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो कक्षा उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग) जनजाति दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि,

(घ) वेपत्ता परिवार, शहिद, जनआन्दोलनका घाइते, मधेश आन्दोलनका घाइतेको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि,

(ङ) विपन्न वा गरिवको हकमा गरिवी परिचयपत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा सम्बन्धित वडा कार्यालयले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र,

(च) विद्यार्थी हाल वसोवास गर्दै आएको वडा कार्यालयको सिफारिस पत्र,

(छ) अध्ययन गरेको संस्थामा भर्ना भएको खुल्ने कागजात ।

## परिच्छेद-३

## <u>छात्रवृत्तिको रकम तथा भुक्तानी प्रक्रिया</u>

७. **<u>छात्रवृत्तिको रकमः</u>** (१) सूचना पश्चात निवेदन पेश गरेपछि यस मापदण्ड बमोजिम योग्यता पुगेका व्यक्तिहरुलाई नगर प्रमुखले आवश्यकता अनुसार बढीमा रु. २५ हजार सम्म तोकादेश मार्फत छात्रवृत्ति रकम प्रदान गर्न सक्नेछन् ।

(२) रु.२५ हजार भन्दा माथिको रकम छात्रवृत्ति उपलब्ध गराउनु पर्ने भएमा दफा (५) बमोजिमको प्रकृया पुरा गरी नगर कार्यपालिकाको बैठकबाट निर्णय गराई उपलब्ध गराउनु पर्नेछ ।

८. **<u>भुक्तानी प्रक्रियाः</u>** (१) छात्रवृत्ति वापत उपलब्ध गराइने रकम सम्बन्धित विद्यालय/शिक्षालयको बैंक खातामा सोझै उपलब्ध गराइनेछ ।

(२) छात्रवृत्ति प्रदान गर्दा एक शैक्षिक सत्रमा एक व्यक्तिलाई एक पटक मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ ।

## परिच्छेद-४

## <u>विविध</u>

९. **<u>कारवाही हुनेः</u>** छात्रवृत्ति प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिले झुठा विवरण पेश गरेमा वा झुठा व्यहोरा सिफारिस गरेको खुल्न आएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

१०. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस मापदण्डको उद्देश्य कार्यान्वयन गर्न केही बाधा अड्काउ भएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **<u>सरकारी बाँकी सरह असुल उपर गरिनेः</u>** छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले यस मापदण्डमा तोकिएको शर्त विपरित कार्य गरेमा वा अध्ययन बीचमै छाडेमा वा दोहोरो छात्रवृत्ति लिएमा निजलाई प्रदान गरिएको छात्रवृत्ति रकम निज वा निजको घरघरानाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

१२. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस मापदण्डमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **<u>यसै मापदण्ड बमोजिम हुनेः</u>** यस मापदण्डमा उल्लेख भएका विषयवस्तुहरुको सम्बन्धमा हेटौंडा उपमहानगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा छात्रवृत्ति शीर्षकमा विनियोजन गरेको बजेट कार्यान्वयनको लागि मात्र लागू हुनेछ ।

१४. **<u>खारेजी र बचाऊः</u>** (१) यस मापदण्ड जारी हुनुभन्दा अगाडि भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यो मापदण्डको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

**<u>आज्ञाले</u>**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**